मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगर कार्यपालिका बैठक

मिति : २०७७ माघ १३ गते मंगलबार

प्रस्तावहरुः

१. भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरणको लागि सहजिकरण समिति गठन गर्ने ।

२. बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको लागि नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्ने ।

३. स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने सम्बन्धी ।

४. विपत व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने ।

५. कार्यविधिहरु पारीत गर्ने ।

६. नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

७. घर टहरा आगलगीबाट पिडित व्यक्तिहरुलाई आवश्यक आर्थिक सहयोग सम्बन्धमा ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु स्वीकृत सम्बन्धमा ।

९. सडक बोर्ड अन्तर्गतका योजना कार्यान्वयन स्वीकृति सम्वन्धमा ।

१०. कसर प्रभावित क्षेत्रको वडाको योजना स्वीकृति सम्वन्धमा ।

११. मे.न.पा ८ स्थित श्री जलवाई देवी मा.वि. सहयोग शिर्षकमा रु ५००००० (पाँच लाख) विनियोजन भएकोमा विद्यालयको विविध आवश्यकता अनुसार अनुदान शिर्षकमा रकमान्तर गरिदिने सम्बन्धमा ।

१२. अनन्त क्षमता केन्द्र गोकर्नेश्वर नगरपालिका वडा नं. ६ काठमाडौं द्वारा मेलम्ची नगरपालिका भित्र बसोबास गर्ने आर्थिक अबस्था कमजोर भएका सवालङ्ग बालबालिकाहरुका लागि लालि गुराँस आधारभुत विद्यालयको भवन उपलब्ध र कार्य संचालन सम्बन्धमा ।

१३. टिम नेपालले मे.न.पा. ६ स्थित तेस्रे मा.वि. र कोलेचौर आधारभुत विद्यालयको लागि २००००० विस लाख सम्मको विद्यालयको शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न अनुमती सम्बन्धमा ।

१४. न्यायिक समितिको देहायका निर्णय कार्यान्वयन सम्बन्धमा ।

क. मे.न.पा ११ बस्ने वादी भिमबहादुर तामाङ र प्रतिवादी विमल सापकोटा बीच भएको लेनदेन सम्बन्धी मुद्दाको सहमती कार्यान्वयन गराउने ।

ख. मे.न.पा ६ प्वारे टोल बस्ने वादी ओम बहादुर गिरी र प्रतिवादी रामशरण गिरी विच भएको बाटो सम्बन्धी मुद्दाको फैसला कार्यान्वयन गराउने ।

ग. मे.न.पा ४ राउत टोल बस्ने वादी देवकी राउत (घिमिरे) र प्रतिवादी राजु राउत भएको इज्जत आमद अनुसार खान् लाउन नदिएको विषयको मुद्दाको फैसला कार्यान्वयन गराउने ।

१५. बाल मैत्री स्थानीय शासन अबलम्बन गर्नको लागि वडा तोक्ने सम्बन्धमा ।

१६. न्यायिक कार्य सम्पादनमा प्रभावकारिता बढाउनका लागि प्रत्येक वडामा वडा सदस्यहरु मध्येबाट एक एक जनालाई सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।

१७. ढुंगा, गिटी, बालुवा उत्खनन् सिमा निर्धारण गर्न प्राविधिक टोली खटाउने सम्बन्धमा ।

१८. ढुंगा, गिटी, बालुवा उत्खनन् अनुमती सम्बन्धमा ।

१९. ४ नं वडा कार्यालयको बजेट विनियोजन संशोधन सिफारिश सम्बन्धमा

२०. तालामाराङ प्रहरी चौकी मर्मत कार्यमा भएको खर्च अनुमोदन गर्ने।

२१. मेलम्ची प्राथमिक अस्पतालको लागत अनुमान स्वीकृति सम्वन्धमा ।

२२. नगरपालिकाका विभिन्न वडा कार्यालय, व्यक्ति तथा संस्थाहरुबाट योजना/कार्यक्रम प्रस्ताव गरी बजेट माग भएका विषयहरु ।

| क.सं. | माग गर्ने व्यक्ति/संस्था | विषय | बजेट माग रकम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अमृत कुंमार तामाङ समेत मेनपा ४ | काप्रे पाल्चेन टोल सामूदायिक भवन निर्माण | ६०००००। | | |
| २ | गिरान्चौर सामूदायिक पुस्तकालय तथा श्रोत केन्द्र | आँगनमा ढुंगा बिच्छयाउने तथा घेराबार | ११०००००। | | |
| ३ | विष्णुबहादुर विष्टसमेत मेनपा ४ | देउराली साठ्ठी फाँट कृषि सडक निर्माण | रकम नखुलेको | | |
| ४ | यमबहादुर थापा समेत मेनपा ७ | जलेश्वर महादेव मन्दिर निर्माण | रकम नखुलेको | | |
| ५ | दिनेशकुमार लामा समेत मेनपा ५ | सुलिकोट तल्लोघ्याङ् क्याङ्सम टोल देउराली हुँदै पुर्सा गाउँ माथिल्लो सुलिकोट घ्याङ जोड्ने नयाँ मोटर बाटो निर्माण | रकम नखुलेको | | |
| ६ | २ नं वडा कार्यालय | नगर चक्रपथ निर्माण | १००००००। | | |
| ७ | १३ नं वडा कार्यालय | डोटेल थोक मोटर बाटो निर्माण | ११५७०००। | | |
| ८ | अध्यक्ष नैना तामाङ मेनपा ८ भैसे | उर्गेन क्षे खोर्लिङ गुम्बा पुन निर्माण | रकम नखुलेको | | |
| ९ | लालिगुराँस महिला विकास बचत तथा ऋण सहकारी संस्था लि मेनपा १३ | कम्प्युटर तथा प्रिन्टर माग | रकम नखुलेको | | |
| १० | इलाका प्रहरी कार्यालय मेलम्ची | ल्यापटप माग | ९२०००। | | |
| ११ | मिसन नेपाल सिन्धुपाल्चोक | मेलम्ची नगरपालिकाको वर्तमान अवस्था विषयक डकुमेन्ट्री निर्माण | ४७४०००। | | |
| १२ | विन्दवासिनी भट्टराइ कुल संरक्षण समिति मे.न.पा. १२ | विन्दवासिनी भट्टराइ कुल संरक्षण समितिको भवन र अन्य भौतिक संरचना निर्माण साझेदारी बजेट माग | ७२५०००। | | |
| १३ | मेलम्ची बजार व्यवस्थापन समिति अध्यक्ष टेकलाल श्रेष्ठ समेत | मेलम्ची वजार क्षेत्र भित्र सामुदायिक कुकुर नियन्त्रणका लागि कार्यक्रम संचालन | ५०००००। | | २०० कुकुरलाई २५०० को दरले |

| क.सं. | माग गर्ने व्यक्ति/संस्था | विषय | बजेट माग रकम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १४ | मे.न.पा १३ नं वडा कार्यालय | माझीगाउँ एक्लेपाटा खानेपानीको लागि ६०० मिटर पाइप, ४ वटा धारा र इन्टेक टयाङ्की निर्माण | रकम नखुलेको | | |
| १५ | मान बहादुर तामाङ समेत मेनपा ९ | डब्ल्याङ - कर्मिखोलामा RCC ढलान पुल निर्माण | ९३८००० | | |
| १६ | अध्यक्ष रमेश गिरी समेत मे.न.पा ८ | माझटोल कोलचौर सल्लेबारी सेरो खेतको पुच्छर घट्ट खेतको पुच्छर हुदै कान्ले सिमखेत कोइराले खितुके दुलपुन डाँडा पँदाली मोटर बाटो जोड्न लगायत सिमखेत हुँदै भन्ज्याङ्ग पर्वेको पाखा लुप्राङ टार दशमुरेको चौर हुँदै बितघिर सम्म मोटर बाटो खन्न प्राविधिक खटाइ लागत अनुमान गरी दिने | रकम नखुलेको | | |
| १७ | डगयुर थेगक्षोग हेसाल किल्गुड लिङ (जम्दार) गुम्वा मेनपा ५ | भूकम्पले क्षतिग्रस्त गुम्बा पुनर्निर्माण लागत अनुमात तथा लागत साझेदारी गरी दिने | रकम नखुलेको | | |
| १८ | निमा नुर्बु लामा | मेनपा ४ धौले घ्याङमा पानी समस्या समाधानको लागि २० एमएम को १५० मिटर र १६ एमएमको ३५० मिटर पाइप माग | रकम नखुलेको | | |
| १९ | पाँचपोखरी कृकेट क्लव | मेलम्ची टी २० कप २०७७ को लागि क्लवलाई स्पोन्सरसिप माग प्रस्ताव | १७०५००० | | |
| २० | कुलबहादुर दमाई | मे.न.पा ९ स्थित ज्यामिरे गोल्मस्थान मन्दिर हुँदै काफ्लेखोला धौपखाले अधेँरीखोला दलितबस्ती जोडिएको मोटरबाटोमा सोलिङ र ग्याविन गर्नको लागि प्राविधिक निरीक्षण गराई आवश्यक बजेट विनियोजन गर्न माग | रकम नखुलेको | | |
| २१ | विकास तामाङ मे.न.पा-९ | निर्माणाधीन मर्किनीडाँडा सामुदायिक भवन रातामाटा मर्किनीको बाँकी कामको लागि रकम माग | ९४२५००। | | |
| २२ | ७ नं वडा कार्यालय | खेलकुद मैदान मर्मत | १००००००। | | |
| २३ | ७ नं वडा कार्यालय | नाम्के रयाले सिंचाइ कुलो निर्माण | ५०००००। | | |
| २४ | ७ नं वडा कार्यालय | छाप सामूदायिक भवन निर्माण | ६०००००। | | |
| २५ | ७ नं वडा कार्यालय | घलेटोल भारतीथोक भूपेश्वर मन्दिर गोरेटो बाटो सिंढी निर्माण | ५०००००। | | |
| २६ | ७ नं वडा कार्यालय | चालिसे खोला दोभान सिंचाई कुलो निर्माण | ३०००००। | | |
| २७ | ७ नं वडा कार्यालय | बाँझोरुम्टा सुनिरुम्टा खेत सिंचाइ कुलो निर्माण | २०००००। | | |
| २८ | ७ नं वडा कार्यालय | बालसुधार मावि घेरावार | ६०००००। | | |

| क.सं. | माग गर्ने व्यक्ति/संस्था | विषय | बजेट माग रकम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| २९ | ७ नं वडा कार्यालय | ग्रामिण खानेपानी दुवाचौर पाइप खरिद र जडान | ३०००००। | | |
| ३० | ७ नं वडा कार्यालय | सुंगुरे मसाने पाटी निर्माण र मोटर बाटो निर्माण | ६०००००। | | |
| ३१ | ७ नं वडा कार्यालय | विचारीचौर जयवागेश्वरी जाने मोटर बाटो ग्राभेल | ६०००००। | | |
| ३२ | ७ नं वडा कार्यालय | सुनखानी भारती खेत सिंचाइ निर्माण | ५०००००। | | |
| ३३ | २ नं वडा कार्यालय | खगोले सिंचाइ कुलो मुहान मर्मत तथा सपोर्ट ग्याविन | ४०५०००। | | |
| ३४ | ११ नं वडा कार्यालय | सोलार मर्मत<br>ठाँटिटोल मोटरबाटो निर्माण<br>कटुन्जे बस्ती विकास व्यवस्थापन | रकम नखुलेको | | |
| ३५ | सागर केसी मेनपा वडा नं ६ | नेपाने पञ्चकन्या मानेभन्ज्याङ सडक स्तरोन्नती क्रममा क्षति भएको पिउठवारी मोडको खानेपानी ट्याङ्की र पाइप मर्मत गरी सञ्चालन गरी दिने | | | |
| ३६ | राष्ट्रिय संगितकर्मि संघ, जिल्ला शाखा खाँडीचौर | वाद्यबादन सामाग्री खरिद सहयोग माग | १५००००। | | |
| ३७ | सातकन्या मा.वि. मेनपा -९ | कार्यालय व्यवस्थापन | ७०००००। | | |
| ३८ | सामुहिक मसानघाट मेनपा - ११ र ७ | इन्द्रेश्वरी दोभानमा सामुहिक मसानघाट निर्माण | ४१०००००। | | |
| ३९ | रेडियो इन्द्रावती | रेडियो पूर्वाधार व्यवस्थापन सहयोग प्रस्ताव | ४८७२७५०। | | |
| ४० | इन्द्रावती महिला विकास बचत तथा ऋण सहकारी संस्था | भवन निर्माण | १००००००। | | |
| ४१ | गोपाल घलेसमेत मेनपा ७ | लक्षित वर्गको कार्यक्रम अन्तर्गत घलेहरुको पहिचान संरक्षण कार्यक्रम | ११४००००। | | |
| ४२ | गोविन्द प्रसाद सिग्देल समेत मेनपा ५ | गुसेश्वर महादेव मन्दिर, धारो र बाटो मर्मत गरी दिने | रकम नखुलेको | | |
| ४३ | निरञ्जन श्रेष्ठ समेत | दोभानटार सहरे सडक ट्र्याक खोल्न अनुमती माग | | | |
| ४४ | मे.न.पा. वडा नं. ३ | चिलाउने खोला देविस्थान चिसापानी मोटरबाटोको चिलाउने खोलामा वर्षाले सडक जिर्ण भएको हुँदा मर्मत संभार गर्न रकम माग | रकम नखुलेको | | |

निर्णयहरुः

१. भूमि सम्बन्धी समस्या समाधान आयोग र मेलम्ची नगरपालिका वीच सम्पन्न समझदारी बमोजिम भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरणको लागि देहाय बमोजिमको सहजिकरण समिति गठन गर्ने एवं नगरपालिकामा "भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरण इकाई" स्थापना गर्ने ।

देहायः

| | |
|---|---|
| क. नगरप्रमुख, श्री डम्बर बहादुर अर्याल | - संयोजक |
| ख. उपप्रमुख, श्री भगवती नेपाल | - उपसंयोजक |
| ग. श्री विनोद खनाल, नेपाल कम्युनिष्ट पार्टी | - सदस्य |
| घ. श्री मधुसुधन सिग्देल, नेपाली कांग्रेस | - सदस्य |
| ङ. श्री फडिन्द्र दाहाल, राप्रपा | - सदस्य |
| च. कार्यपालिका दलित महिला सदस्य, श्री पार्वती वि.क. | - सदस्य |
| छ. कार्यपालिका महिला सदस्य, श्री जानुका डोटेल | - सदस्य |
| ज. संघ संस्था वा नागरिक समाजका प्रतिनिधि, श्री पाण्डव अधिकारी | - सदस्य |
| झ. उपाध्यक्ष, महिला आत्मनिर्भता केन्द्र, श्री कल्पना चालिसे | - सदस्य |
| ञ. प्रमुख प्रशासकीय अधिकृत, श्री कुमार प्रसाद कोइराला | - सदस्य सचिव |

२. बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको लागि नेपाल सरकारबाट सिन्धुपाल्चोक जिल्ला समेत थप ७ वटा जिल्ला छनौट भएको हुँदा सो कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमको नगरस्तरीय सहजीकरण समिति गठन गर्ने, साथै सवै वडाहरुमा पनि वडास्तरीय समिति गठन गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

| | |
|---|---|
| (१) नगर प्रमुख, श्री डम्बर बहादुर अर्याल | -अध्यक्ष |
| (२) नगर उप-प्रमुख, श्री भगवती नेपाल | - उपाध्यक्ष |
| (३) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, श्री रवि प्रसाद शर्मा | - सदस्य |
| (४) वडा अध्यक्ष वडा नं. १, श्री कृष्ण प्रसाद चौलागाई | - सदस्य |
| (५) वडा अध्यक्ष वडा नं. २, श्री सन्त बहादुर तामाङ | - सदस्य |
| (६) वडा अध्यक्ष वडा नं. ३, श्री बसन्त गुरुङ | - सदस्य |
| (७) वडा अध्यक्ष वडा नं. ४, श्री दमाई मारलामा तामाङ | - सदस्य |
| (८) वडा अध्यक्ष वडा नं. ५, श्री सुदर्शन लुईटेल | - सदस्य |
| (९) वडा अध्यक्ष वडा नं. ६, श्री जीतराज थापा | - सदस्य |
| (१०) वडा अध्यक्ष वडा नं. ७, श्री ज्ञानेन्द्र श्रेष्ठ | - सदस्य |
| (११) वडा अध्यक्ष वडा नं. ८, श्री ठंकराज गिरी | - सदस्य |
| (१२) वडा अध्यक्ष वडा नं. ९, श्री कमल बहादुर खड्का | - सदस्य |
| (१३) वडा अध्यक्ष वडा नं. १०, श्री भक्त बहादुर खड्का | - सदस्य |

(१४) वडा अध्यक्ष वडा नं. ११, श्री रुद्र प्रसाद दुलाल - सदस्य

(१५) वडा अध्यक्ष वडा नं. १२, श्री राम बहादुर लामा - सदस्य

(१६) वडा अध्यक्ष वडा नं. १३, श्री देवेन्द्र घोरासैनी - सदस्य

(१७) आर्थिक प्रशासन शाखा प्रमुख, श्री मुरारी पुडासैनी - सदस्य

(१८) जन स्वास्थ्य शाखा प्रमुख, श्री भोजराज खनाल - सदस्य

(१९) पशु विकास शाखा प्रमुख, श्री उपेन्द्र पण्डित - सदस्य

(२०) महिला बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख, श्री जीवनाथ भण्डारी - सदस्य

(२१) वातावरण तथा विपद व्यवस्थापन, सरसफाई शाखा प्रमुख, श्री जीत बहादुर कार्की - सदस्य

(२२) कृषि विकास शाखा प्रमुख, श्री अमरनाथ आचार्य - सदस्य

(२३) आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख, श्री जयराम घोरासैनी - सदस्य

(२४) उद्योग तथा वाणिज्य संघको अध्यक्ष/प्रतिनिधि - सदस्य

(२५) गैरसरकारी संस्था महासंघको अध्यक्ष/प्रतिनिधि - सदस्य

(२६) प्रशासकीय अधिकृत, श्री झपेन्द्रराज खरेल - सदस्य सचिव

३. नेपाल सरकारको घोषित नीति तथा कार्यक्रम अनुसार चालु आर्थिक वर्षमा सिन्धुपाल्चोक जिल्लामा पनि स्वास्थ्य बीमा कार्यक्रम लागू हुने भएको हुँदा सो सम्बन्धी अभिमुखीकरण तथा प्रचार प्रसार गरी सबैले स्वास्थ्य बिमा गरी सुरक्षित हुने वातावरण बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

४. यस वर्षको मनसुनजन्य विपदबाट क्षतिग्रस्त सार्वजनिक संरचनाहरुको संरक्षण र मर्मतको लागि नगरस्तरीय विपद व्यवस्थापन समितिको मिति २०७७।१०।१० गतेको बैठकबाट निर्णय भइ सिफारिश भए अनुसार नगर सभाबाट कोभिड १९ संकट व्यवस्थापनको लागि विनियोजित बजेटमध्ये रु ३ करोड रकम विपद व्यवस्थापन कोषमा सारी देहाय बमोजिमका सार्वजनिक संरचनाहरुको मर्मत तथा संरक्षण कार्य तत्काल शुरु गर्ने र निर्णय अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने ।

| क.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जलेश्वरी विध्यालय संरक्षण पहिरो नियन्त्रण (पाटी गाउँ) | १ | १,०००,०००।०० | |
| २ | जिरो किलो सोतिखोला सडक तथा बस्ती संरक्षण | २ | १,०००,०००।०० | |
| ३ | हैवुङ डाँडा दहपोखरी सडकको खोल्सामा पहरो काटी अवरुद्ध सवारी खोल्ने कार्य | ३ | १,०००,०००।०० | |
| ४ | दहपोखरी पहिरो नियन्त्रण | ३ | ७००,०००।०० | |
| ५ | स्याङतान् टोल एकिकृत बस्ती पहिरो नियन्त्रण | ३ | ३,५००,०००।०० | |
| ६ | पिप्ले बजार माथिको पहिरो नियन्त्रण | ४ | ५,०००,०००।०० | |
| ७ | हेल्थपोष्ट र विद्यालय भवन संरक्षण | ५ | ५,०००,०००।०० | |

| क.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| ८ | पौडेल गाउँ खतिवडा गाउँ पहिरो नियन्त्रण | ५ | १,०००,०००।०० | |
| ९ | महादेव स्थान कैदले सोलिथुम्का सिंचाई कुलो मर्मत | ५ | १,०००,०००।०० | |
| १० | खहरे खोला गैरी गाउं सडक संरक्षण | ५ | २००,०००।०० | |
| ११ | नुवारखोला घाट संरक्षण | ६ | २००,०००।०० | |
| १२ | बतासे खेल मैदान पहिरो नियन्त्रण | ६ | ६००,०००।०० | |
| १३ | पहिरोले जोखिममा रहेको छाप पानी ट्यांकी संरक्षण | ७ | ७००,०००।०० | |
| १४ | जलवाईदेवी मा. वि. भवन संरक्षण | ८ | ७००,०००।०० | |
| १५ | रक्तकाली आ.वि. खडकाथोक भवन संरक्षण | ९ | १,५००,०००।०० | |
| १६ | सिमखेत काफ्ले खोला बस्ती खानेपानी मर्मत | ९ र १० | ७००,०००।०० | |
| १७ | शहरेखोला खेत कुलो पहिरो नियन्त्रण | १० | १,०००,०००।०० | |
| १८ | शहरेखोला क्यामुने मुहान खानेपानी संरक्षण | १० | ५००,०००।०० | |
| १९ | चिसापानी लप्सेफेद मुहान काफलेखोला फाँट सिंचाईकुलो मर्मत | १० | १,०००,०००।०० | |
| २० | मेलम्ची डडुवा सडक खण्ड बिसौना पहिरो नियन्त्रण | ११ | २,०००,०००।०० | |
| २१ | जागेश्वरी खानेपानी संरक्षण | ११ | ५००,०००।०० | |
| २२ | जर्के खोला कुलो मर्मत | १[illegible] | २००,०००।०० | |
| २३ | अमले कुलो मर्मत | १३ | २००,०००।०० | |
| २४ | मुल कुलो मर्मत | १३ | १,०००,०००।०० | |
| २५ | भन्ज्याङ बस्ति संरक्षण | १३ | १,०००,०००।०० | |
| २६ | वडाहरुमा माग तथा जोखिमको आधारमा तारजाली खरिद कार्य | | ३,५००,०००।०० | |
| २७ | सातकन्या मा. वि. पहिरो नियन्त्रण | ९ | १,०००,०००।०० | |
| | | जम्मा | ३५,७००,०००।०० | |

५. विधायन समितिबाट स्वीकृतिको लागि पेश भएका कार्यविधिहरु मध्ये देहाय बमोजिमका कार्यविधिहरु सम्वन्धमा देहाय बमोजिम गर्ने:

क. न्यायिक समितिको कार्यविधि सम्वन्धी ऐन संशोधन प्रस्ताव स्वीकृतिको लागि आगामी नगर सभामा पेश गर्ने ।

ख. बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी कार्यविधि, २०७७ परिमार्जन सहित स्वीकृत गर्ने।

ग. स्वास्थ्य संस्था दर्ता सम्वन्धी कार्यविधि, २०७७ परिमार्जन सहित स्वीकृत गर्ने।

घ. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ परिमार्जन सहित स्वीकृत गर्ने।

ङ. आफ्नो गाउँ आफै बनाऔ कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ (विधायन समितिमा थप छलफल गरी परिमार्जन भएपश्चात लागू गर्ने गरी स्वीकृत)

६. मेलम्ची नगरपालिका, नगर सभाको बैठक २०७७ पौष २२ गते बस्ने गरी नगर कार्यपालिकाको २०७७।८।२७ को बैठकबाट निर्णय भएकोमा व्यवस्थापकीय लगायत विविध कारणले सो मितिमा सभाको बैठक बस्न नसकेको हुँदा नगर सभाको आगामी बैठक यही माघ २९ गते बस्ने गरी तयारी गर्ने । सो बैठकमा २०७४ सालको आमनिर्वाचन पश्चात जनप्रतिनिधिहरुले पद बहाल गरी सकेपछि भएका कार्यहरुको वडागत प्रगति विवरण सम्वन्धित वडाअध्यक्षले नगर सभामा प्रस्तुत गर्ने ।

७. मेलम्ची नगरपालिका क्षेत्रमा आगलागीबाट धनसम्पति नोक्सान भएका देहायका व्यक्तिहरुलाई सहायताको रुपमा देहायबमोजिम रकम उपलब्ध गराउने । साथै नगर क्षेत्रमा हुने आगलागीजन्य विपदबाट घरटहरा लगायत धनसम्पतिको नोक्सानी भएको अवस्थामा क्षतिको प्रकृति हेरी विपद व्यवस्थापन कोषबाट बढीमा रु ३० हजारसम्म राहत सहायता दिने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने ।

क. मे.न.पा वडा नं ७ दुवाचौर स्थित पढाली बस्ने श्री महत गिरीको मिति २०७७/९/२ गते विद्युत सट भई आगलागी हुँदा २ वटा घर टहरा सहित सम्पुर्ण अन्नपात जलेर नष्ट भएको हुँदा निजलाई रु ३० हजार ।

ख. मे.न.पा वडा नं ९ रामपुर स्थित हेमबहादुर खड्काको घर मिति मा आगलागी भइ घर टहरा सबै नष्ट भएको हुँदा निजलाई रु ३० हजार

ग. मे.न.पा वडा नं ६ तालामाराङ बजार स्थित जितबहादुर तामाङको घर पसलमा आगलागी भइ जलेर सम्पूर्ण सामान क्षति भएको हुँदा निजलाई रु ३० हजार

८. प्रधानमन्त्री रोगार कार्यक्रम अन्तर्गत प्राप्त बजेट अनुसार कार्यान्वयनको लागि सम्वन्धित वडाबाट प्राप्त देहाय बमोजिमका योजना कार्यान्वयन गर्न स्वीकृति दिने ।

वडाबाट प्राप्त योजना तथा बजेट विनियोजन आब २०७७/७८

| क.स. | योजनाको नाम | वडा नं | बजेट | | | |
|---|---|---|---|---|---|---|
| | | | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना | युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना | नगरपालिका बाट | जम्मा |
| १ | पाटी गाउँ मानेडाडा रोक्का टोल सडक मर्मत | १ | ६७२१०० | | | ६७२१०० |
| २ | भोटेचौर खेल मैदान मर्मत | १ | | | १००००० | ८२३८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | तपचुली पर्यटक क्षेत्र पोखरी निर्माण र सिडी निर्माण | २ | ७३९२६० | | १००००० | ८३९२६० |
| ४ | पसल टोल देखि माझ टोल हुँदै शवपुरी धाप जाने गोरेटो बाटो निर्माण (साबिक हैबुङ्ग-४ ) | ३ | ७३४२६० | | १००००० | ८३४२६० |
| ५ | थानकुने भिरखर्क पाल्ले,पिप्ले ,मुसुरे, ओखेनीचौर वडा कार्यालय गोरेटो बाटो मर्मत | ४ | ७३४२६० | | १००००० | ८३४२६० |
| ६ | कोटेदेवी मन्दिरबाट भिमसेनस्थान स्कूलसम्म सोलिङ | ५ | ७३४२६० | | १००००० | ८३४२६० |
| ७ | चपाबोट चौतारी तथा वडा नं. ६ गोरेटो बाटो मर्मत | ६ | | | १००००० | ८२३८०० |
| ८ | निरलेनी खोला माने भन्याङ भोटेबेसी सिंचाई कुलो मर्मत | ६ | ६७२१०० | | | ६७२१०० |
| ९ | दुबाचौर बागबानी कृषि फर्म जग्गा बाँझो खन्ने बुटा झाडी फाडने | ७ | ६७२१०० | | | ६७२१०० |
| १० | गैराथोक नेवारटोल सेल्ले मोटर बाटो स्तरउन्नति योजना | ७ | | | १००००० | ८२३८०० |
| ११ | क्यौरेनी-लाभगाउ मोटरबाटो मर्मत | ८ | | | १००००० | ८२३८०० |
| १२ | दाउचेत- क्यौरेनी मोटरबाटो मर्मत | ८ | ६७२१०० | | | ६७२१०० |
| १३ | सल्ले खोला गोल्मास्थान र काफ्ले फाट सिचाई कुलो मर्मत | ९ | ६७२१०० | | | ६७२१०० |
| १४ | ककनी देखि नौलिंगेश्वर मन्दिर सम्मको पर्यटकिय गोरेटो बाटो सिडी निर्माण | ९ | | | १००००० | ८२३८०० |
| १५ | रामपुर ठाडो गोरेटो बाटो मर्मत | १० | ६७२१०० | | | ६७२१०० |
| १६ | साँध खोला-शिखरपुर खण्ड (नगर चक्रपथ )मोटर बाटो सोलिंग तथा मर्मत | १० | | | १००००० | ९२७२०० |
| १७ | मेलम्ची डडुवा मोटरबाटो मर्मत | ११ | ६७२१०० | | | ६७२१०० |
| १८ | मेलम्ची नगरपालिका वडा नं. ११ अन्तर्गतका सडकहरु मर्मत कार्य | ११ | | | १००००० | ८२३८०० |
| १९ | आपचौर माझिगाउँ ठाडो बाटो सिडी निर्माण | १२ | ७३४२६० | | १००००० | ८३४२६० |
| २० | योजना व्यवस्थापन तथा अनुगमन खर्च | | | | १००००० | १००००० |
| २१ | जम्मा | | ८३८१००० | ५१७०००० | १३००००० | १४८५१०० |

९. सडक बोर्ड नेपालबाट चालु आर्थिक वर्षको लागि स्वीकृत देहायबमोजिमको बजेटबाट देहाय बमोजिमका योजना कार्यान्वयन गर्ने गरी कार्यक्रम स्वीकृतिको लागि पठाउने र सोको लागि आवश्यक पर्ने समपूरकवापतको ३० प्रतिशत बराबरको रकम गत आर्थिक वर्षको अल्याबाट व्यवस्था गरी अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने ।

| सि.नं. | योजनाको नाम | कूल लागत | सडक बोर्डले व्यहोर्ने ७० प्रतिशत | नगरपालिका लागत सहभागिता ३० प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | भूमेस्थान शिवमन्दिर रोक्रा टोल जर्केखोला सडक मर्मत मे.न.पा वडा नं १ | ४४,५०,०००। | ३१,००,०००। | १३,५००००। | |
| २ | फट्केश्वर छाप भञ्याङ्ग मोटर बाटो मर्मत मे.न.पा वडा नं १३ | ५५,५०,०००। | ३९,००,०००। | १६,५०,०००। | |
| | जम्मा | १,००,००,०००। | ७०,००,०००। | ३०,००,०००। | |

१०. नगरपालिकाको कसर प्रभावित क्षेत्रकोलागि क्षतिपूर्ति बापत आर्थिक वर्ष २०७६।७७ को विनियोजन हुन बाँकी रकमको योजना सिफारिश गरी सम्वन्धित वडा समितिबाट प्राप्त भए अनुसार देहाय बमोजिमका योजना कार्यान्वयन गर्न स्वीकृति दिने र सो बापतको रकम गत आर्थिक वर्षको अल्याबाट विनियोजन गरी अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने ।

| सि.नं. | वडा नं. | योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | १२ | च्यानडाँडा सामूदायिक भवन निर्माण | ९५००००। | |
| २ | १२ | अमलेडाँडा मोटरबाटो र च्यानेपाटी निर्माण | ५०००००। | |
| ३ | १२ | सडक स्तरोन्नति योजना | ५०००००। | |
| ४ | १२ | सिन्धुखोला च्यानेपाटी निर्माण | ३०००००। | |
| ५ | १२ | ढकालखहरे च्यानेपाटी निर्माण | ३०००००। | |
| जम्मा | | | २५५००००। | |
| ६ | १३ | डुम्रे मुल कुलो मर्मत संभार | ५०००००। | |
| ८ | १३ | फटकशिला खानेपानी आयोजना | २५०००००। | |
| ११ | १३ | नेपालथोक फटकेश्वर सडक | ८०००००। | |
| १२ | १३ | भञ्ज्याङ चण्डेनी ठाँटी सडक | ५०००००। | |
| | जम्मा | | ४३,००,०००। | |

११. नगर सभाबाट स्वीकृत मे.न.पा ८ स्थित श्री जलवाई देवी मा.वि. सहयोग शिर्षकमा रु ५००००० (पाँच लाख) विनियोजन भएको रकमलाई श्री जलवाई देवी मावि अनुदान शिर्षकमा रकमन्तर गर्न वडा नं ८ बाट सिफारिश भइ आए बमोजिम बजेट शिर्षक परिवर्तन गर्ने र अनमोदनको लागि आगामी नगर सभामा पेश गर्ने ।

१२. गैर नाफामूलक संस्था अनन्त क्षमता केन्द्र गोकर्नेश्वर नगरपालिका वडा नं. ६ काठमाडौं द्वारा मेलम्ची नगरपालिका भित्र बसोबास गर्ने आर्थिक अवस्था कमजोर भएका सवालङ्ग बालबालिकाहरुलाई प्रशिक्षण र सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि लालि गुराँस आधारभुत विद्यालय मेनपा १२ को भवन उपलब्ध गराउने ।

१३. टिम नेपाल नामक संस्थालाई मे.न.पा. ६ स्थित तेस्रे मा.वि. र कोलेचौर आधारभुत विद्यालयको लागि रु २००००० (विस लाख) सम्मको विद्यालयको शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न अनुमती प्रदान गर्ने ।

१४. न्यायिक समितिबाट भएका देहायबमोजिसका निर्णय कार्यान्वयनको लागि सम्वन्धित वडा कार्यालय तथा प्रहरी कार्यालयमा लेखी पठाउने ।

क. मे.न.पा ११ बस्ने वादी भिमबहादुर तामाङ र प्रतिवादी विमल सापकोटा बीच भएको लेनदेन सम्वन्धी मुद्दाको सहमती कार्यान्वयन गराउने ।

ख. मे.न.पा ६ प्वारे टोल बस्ने वादी ओम बहादुर गिरी र प्रतिवादी रामशरण गिरी विच भएको बाटो सम्बन्धी मुद्दाको फैसला कार्यान्वयन गराउने ।

ग. मे.न.पा ४ राउत टोल बस्ने वादी देवकी राउत (घिमिरे) र प्रतिवादी राजु राउत भएको इज्जत आमद अनुसार खान लाउन नदिएको विषयको मुद्दाको फैसला कार्यान्वयन गराउने ।

१५. मेलम्ची नगरपालिकालाई बालमैत्री नगरको रुपमा विकास गर्ने लक्ष्य अनुरुप वडा नं ५, ७ र ८ लाई आवश्यक प्रकृया पुर्याई बालमैत्री वडा घोषणा गर्न भनी सम्वन्धित वडा समितिको कार्यालयबाट निर्णय सहित अनुरोध भइ आएको हुँदा चालु आर्थिक वर्षमा उल्लेखित वडाहरुमा बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गर्ने ।

१६. न्यायिक समितिबाट न्यायिक कार्य सम्पादनमा प्रभावकारिता बढाउनका लागि प्रत्येक वडामा वडा समिति बैठकबाट निर्णय गरी वडा सदस्यहरु मध्येबाट एक एक जनालाई सम्पर्क व्यक्ति तोकी पठाउन सवै वडा समितिहरुलाई अनुरोध गर्ने ।

१७. मेलम्ची नगरपालिका क्षेत्रमा रहेको इन्द्रावती नदी बगर क्षेत्रमा हाल मौज्दात रहेको ढुंगा, गिटी, बालुवा उत्खनन् सम्बन्धमा स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम हुने गरी नाप जाँच गरी साविकमा क्रसरहरुले प्रयोग गरी रहेको क्षेत्रमा आवश्यक परिमार्जन आवश्यक देखिए सोको समेत सिफारिश गर्न वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख इन्जिनियर श्री जीतबहादुर कार्कीको संयोजकत्वमा राजश्व शाखा प्रमुख श्री राजेन्द्र दुलाल सव इन्जिनियर श्री ललन साह र अमिन श्री सुरेश नेपाल सहितको टोली खटाउने ।

१८. नगर सभाबाट स्वीकृत आर्थिक ऐन २०७७ मा तोकिए बमोजिम चालु आर्थिक वर्षको व्यवसाय कर बापतको रकम नगरपालिकाको खातामा जम्मा गरेपश्चात क्रसरहरुलाई ढुंगा, गिटी, बालुवा संकलन गर्न नदी प्रवेश अनुमती दिने ।

१९. नगर सभाबाट विनियोजित देहायको योजना संशोधनको लागि वडा नं. ४ को कार्यलयबाट अनुरोध भए बमोजिम संशोधन गरी कार्यान्वयन गर्न अनुमती दिने ।

| वडा नं | साविक योजनाको नाम र रकम | संशोधिन योजनाको नाम र रकम | |
|---|---|---|---|
| ४ | सडक सफा गर्ने बजेट रु १२०००००।०० | साविक वडा नं १ देखि ८ सम्म मोटरबाटो मर्मत रु १००००००।०० | |
| | | अमले-डिही सडक मर्मत तथा निर्माण रु २०००००।०० | |

२०. तालामाराङ्ग प्रहरी चौकी मर्मतको लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट भुक्तानी दिइएको रु.५ लाख खर्च अनुमोदन गर्ने ।

२१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पताल बनाउनको लागि रु. १८,०६,८२,०००।०० लागत अनुमान सहित रु.३,६४,००,०००।०० बजेट विनियोजन भएको र स्वीकृत निर्देशिका तथा मापदण्ड बमोजिम २०७७ पौष मसान्त भित्रमा बोलपत्र आहान गर्न परिपत्र भएकोमा प्रस्तावित अस्पतालको परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तथा लागत अनुमान तयार गराउँदा

रु. २७,५६,०६,९४०।०० (सत्ताईस करोड छपन्न लाख छ हजार नौ सय चालिस रुपैया मात्र) लागत अनुमान तयार भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम उक्त लागत अनुमान स्वीकृत गरी बहुबर्षीय योजनाको रुपमा कार्यान्वयन गर्ने ।

२२. नगरपालिकाका विभिन्न वडा कार्यालय, व्यक्ति तथा संस्थाहरुबाट योजना/कार्यक्रम प्रस्ताव गरी बजेट माग भएका विषयहरु थप छलफल गर्नु पर्ने देखिएकोले आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।